आज मिति २०७४ साल असार ८ गते यस मकवानपुरगढी गाउँपालिकाको बैठक मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष श्री विदुर हुमागाईं ज्यू को अध्यक्षतामा बसि देहायका तपसिल बमोजिमको ~~निर्णय~~ उपस्थिति गरियो।

<u>उपस्थिति</u>

१. अध्यक्ष श्री विदुर हुमागाईं

२. उपाध्यक्ष श्री रुक्मायाँ रुम्बा

३. सदस्य एवं वडाध्यक्ष वडा नं. १ श्री आकृत सिं लो.

४. " " " " २ श्री बखान सिं पाखिन

५. " " " " ३ श्री भागवत घिमिरे

६. " " " " ४ श्री राम प्रसाद तिमल्सिना

७. " " " " ५ श्री जीत बहादुर घिमिरे

८. " " " " ६ श्री टीका प्र. दहाल

९. " " " " ७ श्री सूर्य ब० रुम्बा

१०. " " " " ८ श्री कुमार सिं घिसिङ

११. मनोनित सदस्य श्री चीनीमायाँ लुङ्वा — चिनी

१२. " " श्री निर्मला विश्वकर्मा — निर्मला

१३. " " श्री मञ्जु योञ्जन — मञ्जु

१४. " " श्री कुन्छीमायाँ योञ्जन

१५ मनोनित सदस्य श्री पातली मायाँ गौतम

१६ मनोनित सदस्य श्री सुरेन्द्र सुनार

१७ कार्यकारी अधिकृत श्री जिनराज कोइराला

१८ बैठकमा आइपुग्नु लेखा ना.सु. युवराज बाईपाल

छलफलका विषयहरुः-

१. समिक्षा सम्बन्धमा :-
२. आर्थिक स्रोत पहिचान तथा स्थानीय कर निर्धारण तथा राजस्व परामर्श समिति गठन सम्बन्धमा
३. योजना फरफारक सम्बन्धमा :-
४. गाउँपालिका क्षेत्र भित्रका महत्वपूर्ण योजनाको सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण सम्बन्धमा
५. आगामी गाउँ विकास योजना तथा नीति तथा कार्यक्रम सम्बन्धमा :-
६. इलाका प्रहरी कार्यालय स्थापना सम्बन्धमा :-
७. गाउँ व्यवस्थापिका बैठक बोलाउने सम्बन्धमा :-
८. विविध :-

निर्णयहरुः-

निर्णय नं. १ प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा यस मुगाल्दी गाउँपालिका अन्तर्गत समाहित साबिकका गाउँ विकास समितिको परिषद बाट पारित भएका योजना तथा कार्यक्रमहरु तथा गाउँपालिकालाई प्राप्त हुने अनुदान रकम बाट सञ्चालन गर्ने भनि निर्णय भएका योजना तथा कार्यक्रमहरु अधिकांश योजना तथा कार्यक्रमहरु सम्पन्न भएका र सम्पन्न हुने चरणमा पुगेका र केही निर्माणाधिन अवस्थामा रहेको समिक्षा गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ को सम्बन्धमा छलफल
गर्दै यस मकवानपुर गढी गाउँ पालिका
ले आगामी आ० व० ०७९/०८० बाट लगाउन
सक्ने कर तथा राजस्वको ~~अध्य~~ सम्भाव्यता
अध्ययन गर्ने साथै ऐन प्रस्ताव तयार गर्न
श्री स्थानीय गाउँपालिका उपाध्यक्ष श्री रेनु
भाण्डी रुम्बाको संयोजकत्वमा ७ (सात) आर्थिक
ऐन परिमार्जन तथा स्थानीय कर निर्धारण
समिति गठन गर्ने सर्व सम्मत निर्णय गरियो
(सामेल) अन्य सदस्यहरु:
क. वडा अध्यक्ष वडा नं. ८ श्री कुमार श्री घिमिरे
ख. " " " नं. ५ श्री जित ब० ~~घिमिरे~~ घिमिरे
ग. " " " नं. ३ श्री भागवत घिमिरे
घ. " " " नं. २ श्री बखान सिं पाखिन

निर्णय नं. ३ प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल
गर्दै यस गाउँ विकास क्षेत्रिवार योजना
छनौट भई संचालन गरेका योजना तथा कार्य
क्रम मध्ये अधिकांश योजना सम्पन्न भएको
जानकारी प्राप्त भएको र फरफारक तथा अन्तिम
भुक्तानी को लागि फाइल पेश हुन बाँकी
मा हाल (आजको मिति) सम्म यस गाउँ पालिका
मा प्राप्त भएका तपसिलका योजना तथा का-
र्यक्रमहरुको विस्तृत अध्ययन गर्दा योजना
फरफारक गरिने उपयुक्त देखिएकोले तपसि-
लका योजना तथा कार्यक्रमहरु फरफारक गरिदि-
न कार्यपालिकालाई सिफारिस गर्ने र अब देखि
प्राप्त हुने योजनाहरु सम्बन्धित वडाको वडाध्यक्ष
को संयोजकत्वमा गठित योजना फरफारक
समितिले फरफारक गरिदिन निर्णय गरी पठा
ए पछि बाँकी पेश हुन आउने योजना तथा कार्य-
क्रमहरुको फरफारक गरी भुक्तानी दिन कार्यालयलाई
अख्तियारी प्रदान गर्ने सर्व सम्मत निर्णय गरियो-
साथै आवश्यक बैठकमा गाउँपालिकाले थप अनुगमन
र निरीक्षण गर्ने निर्णय सर्वसम्मत बाट पारित गरियो। )

Scanned with CamScanner

योजनाको नाम तथा रकमहरू थपिने स्थल

१. भोट तल्लो चौर माटेडुङ मोटरबाटो - १०००००/-
२. सिमल्टार खानेपानी योजना आ.मं.१ - १५००००/-
३. चरघाट रोल्पास आदि रावर निर्माण योजना - ३०००००/-
४. कुइगेडाँडा माथिल्लो लेकटोल खा.पा. योजना - १५००००/-
५. ४ महिने आधारभूत सिलाई कटाई तालिम - १५००००/-
६. बालविकासहरूलाई सिकाइ शैक्षिक सामग्री निर्माण - ११००००/-
७. आँपखोला ... सिंचाइ योजना - १६००००/-
८. गैंडी ... मोडमानटोल ... सडक निर्माण - ३०००००/-
९. खेलकुद ... खेल विकास तालिम - २,२५०००/-
१०. मुल्खान टोल खानेपानी योजना निर्माण ६,१०,०००/-
११. अपाङ्गता लक्षित आय आर्जन कार्यक्रम गर्ने - रु ५००००/-

निर्णय नं. ४ प्रस्ताव नं. ४ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकामा महत्वपूर्ण स्थान र महत्व राख्ने तपसिल योजना तथा कार्यक्रमहरूको सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना रिपोर्ट (DPR) बनाउन सम्बन्धित निकायहरूमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

योजनाहरू :-

क. गढी पर्यटन प्रवर्धन तथा पर्यटकीय स्थल
ख. गढी - २ र गढी - ६ सामरी पक्की पुल
ग. गढी - ५ ज्यामीरे खोला पक्की पुल
घ. गढी - १ ओखटार ... झोलुङ्गे पुल
ङ. गढी - ३ गढी - ६ ... सामरी झोलुङ्गे पुल
च. गढी - ४ गढी - ५ सिमल्टार सामरी झो.पु. निर्माण
छ. गढी - ६ गीता धर्म ... खोला
ज. गढी - १-४ को वृहद खा.पा. योजना ...
झ. गढी - ३ देवीडाँडा खा.पा. योजना
ञ. गढी - ६ र ... वृहद खा.पा. योजना

Scanned with CamScanner

निर्णय नं० ५ प्रस्ताव नं. ५ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुर गढी गाउँपालिकाको आगामी गाउँपालिका विकास योजना तथा नीति एवं कार्यक्रम बनाउनको लागि विगतमा संचालन भएका योजनाहरु संचालन गर्न छुटेका र भएका योजना तथा कार्यक्रमहरु ~~तथा~~ र जन अपेक्षा अनुरुपका महत्वपूर्ण योजनाको सम्बन्धमा छलफल गर्दै टोल तथा वडा स्तरबाट नै (योजनाको प्रारुप तयार गर्न गरी वडा समितिले ~~[illegible]~~ प्रक्रिया आरम्भ गरी गाउँ विकास योजनामा समेट्न पर्ने विषय बुँदागत रुपमा गाउँ पालिकाको बैठकमा पेश गर्ने सर्व सम्मत निर्णय गरियो।

निर्णय नं. ६ प्रस्ताव नं. ६ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुर गढी गाउँपालिकामा प्रहरी सुरक्षाको कुनै पनि युनिट नभएकोले हालसम्म यस मकवानपुर गढी गाउँ पालिकाको प्रशासकीय कार्यालय रहेको स्थान मकवानपुरगढीमा स्थानीय लोक सुरक्षा युनिट रहने गरी तत्काल प्रहरी सुरक्षा निकाय स्थापना गरिदिन अनुरोध जिल्ला प्रशासन कार्यालय र सम्बद्ध निकाय संग अनुरोध गर्ने सर्व सम्मत निर्णय गरियो।

निर्णय नं. ७ प्रस्ताव नं- ७ को सम्बन्धमा छलफल गर्दा ~~यस~~ मकवानपुर गढी गाउँ कार्यपालिकाको बैठक यही मिति २०७८ साल असार १० गते महाशिवपुरी मकवानपुर गढीमा राख्ने सर्व सम्मत निर्णय गरियो।

निर्णय नं- ८ विषय (२) उपभोक्ता समिति गठन यस गढी गाउँपालिकाको कुनै पनि वडामा सञ्चालन हुने योजनाको उपभोक्ता समिति गठन गर्दा सम्बन्धित योजना स्थलमा सम्बन्धित

७ उपरोक्त समितिमा नयाँ कार्य सम्पादनको अवस्था मिलाउन सम्बन्धित वडाको वडाध्यक्ष ले महत्वपूर्ण भूमिका निर्वाह गर्ने सर्वसम्मत निर्णय गरियो।

८ विविध (१) चट्याङ प्रतिरोधी उपकरण राख्ने सम्बन्धमा छलफल गर्दा यस मकवानपुर गढीका अधिकांश वडाहरु चट्याङ जस्तो अत्यन्तै खतरनाक प्रकोपबाट प्रभावित भएको र यसको नियन्त्रण र यस बाट बच्ने उपायको लागि हालैका ~~योजना~~ गा.वि.स. बाट कतिपय स्थानमा चट्याङ नियन्त्रक अर्थिङ यन्त्र स्थापना भएकोमा यस प्रभावकारि दिर्घकालिन रोकथामको लागि नभएर अल्प कालिन अवधिको लागि भएकोले यसको प्रकोपबाट दिर्घकालिन रुपले बचाउको लागि सम्बन्ध सरकारी तथा गैर सरकारी निकाय संग समन्वय गर्दै पुर्ण क्षमताको चट्याङ नियन्त्रक उपकरण जडान गर्ने सहकार्य गरिने छ, साथै ~~यस~~ हालबाट नमुनाको रुपमा त्यसै प्रकारको उपकरण यस मकवानपुर गढी गाउँ पालिकाको वडा नं. ५ सोलीधुरु नयाँ गाउँ र वडा नं. ६ आग्मभञ्ज्याङमा जडान गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्मला

Rabali